# एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७९

इस्मा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

इस्मा रजस्थल, गुल्मी

# एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि २०७९

## प्रस्तावना

इस्मा गाउँपालिका अन्तरगत रहेका एकल पुरुष हरुको सामाजिक सुरक्षा र लैङ्गिक समानता सुनिश्चित गर्ने उदेश्यले इस्मा गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**(१) यस कार्यविधिको नाम "इस्मा गाउँपालिका एकल पुरुष सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्याविधि २०७९"रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाको बैठकले पारित गरि स्थानीय राजपत्रमा प्रकाशन भएपछी प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** (१)विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "एकल पुरुष" भन्नाले विवाह गरि सम्बन्ध विच्छेद गरेको ,५५ वर्ष सम्म अविवाहित रहेको वा आफ्नो पत्निको मृत्यु भइ अर्को विवाह नगरी बसेको ,वा श्रीमती बेपत्ताभएको १२ वर्ष पुरा भइ अदालतले प्रमाणित गरेको पुरुषलाइ सम्झनु पर्नेछ ।

(ख) "गाउँपालिका" भन्नाले इस्मा गाउँपालिका सम्झनु पर्नेछ ।

(ग) "कार्यालय" भन्नाले इस्मा गाउँपालिकाको कार्यालय सम्झनुपर्नेछ ।

(घ) "वडा कार्यालय" भन्नाले इस्मा गाउँपालिका भित्र रहेका सबै (६ वटै)वडा कार्यालयहरुलाइ सम्झनु पर्नेछ ।

(ङ) "उपाध्यक्ष" भन्नाले इस्मा गाउँपालिकाको उपाध्यक्षलाइ सम्झनुपर्नेछ ।

(च) "भत्ता" भन्नाले दफा ३ बमोजिमको रकम सम्झनुपर्नेछ ।

३. एकल पुरुष सामाजिक सुरक्षा भत्ता पाउने

(१) देहाय बमोजिमका नागरिकले मात्र एकल पुरुष भत्ता पाउन योग्य हुनेछ :

क. नेपाली नागरिक हुनुपर्ने

ख. इस्मा गाउँपालिका क्षेत्र भित्र स्थायी बसोबास गर्ने नागरिक

ग. पत्निको मृत्यु भई अर्को विवाह नगरेको

घ. ५५ वर्षसम्म अविवाहित रहेको पुरुष

ङ. सम्बन्धविच्छेद गरि बसेको र अर्को विवाह नगरेको पुरुष

च. एकल पुरुषको उमेर कम्तिमा ५५ वर्ष उमेर पुरा भएको हुनुपर्ने

४. एकल पुरुषले सामाजिक सुरक्षा भत्ता नपाउने: दफा(३) बमोजिम योग्यता पुगेका

भएतापनी देहाय बमोजिमको नागरिकले यस कार्यविधि बमोजिम एकल पुरुष भत्ता प्रात गर्ने छैनन् ।

क. कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्त निर्वाचित मनोनित भएका नागरिक

ख. कुनै सरकारी कोषबाट निवृतिभरण पाइरहेका व्यक्ति वा कुनै संघ सस्थाबाट नियमित तलब भत्ता प्राप्त गरिरहेको नागरिक

ग. प्रचलित कानुन बमोजिम अन्य सामाजिक सुरक्षा भत्ता लिइरहेका नागरिक

५. **भत्ता रकम र वितरण :** (१) एकल पुरुषले मासिक रु १००० का दरले भत्ता प्राप्त गर्नेछ ।

(२) उपदफा(१)बमोजिमको भत्ता सम्बन्धित वडा कार्यालय सँग सम्झौता भएको बैक मार्फत अन्य सामाजिक सुरक्षा भत्ता वितरण गर्ने समयमा गरिनेछ ।

६. **निवेदन दिनु पर्ने:** (१) दफा (३)बमोजिमको भत्ता पाउने नागरिकले सम्बन्धित वडा कार्यालयमा अनुसूची १ बमोजिमको निवेदन दिनुपर्नेछ ।

(२)निवेदनका साथै देहायको कागजात निवेदकले प्रमाणित गरि सलग्न गर्नुपर्नेछ ।

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

ख. पत्नीको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नगरेको प्रमाण

ग. सम्बन्ध विच्छेद गरेको भए सो प्रमाणपत्रको प्रतिलिपी

घ. अविवाहित प्रमाण पत्रको प्रतिलिपी

(३)उपदफा(१) बमोजिम निवेदन प्राप्त भएमा वडा कार्यालयले १५ दिन भित्र आवश्यक कारवाही गरी निर्णय लिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम कारवाही गर्दा एकल पुरुष सामाजिक सुरक्षा भत्ता नपाउने देखिएमा कारण खुलाइ सोको लिखित जानकारी निवेदकलाइ दिनुपर्नेछ ।

(५) उपदफा (३) बमोजिम कारवाही गर्दा सामाजिक सुरक्षा भत्ता दिन योग्ग भएमा वडा कार्यालयले गाउँपालिकामा सिफारिस गरि पठाउनुपर्नेछ ।

७. **परिचयपत्र:** (१) यस कार्यविधि बमोजिम एकल पुरुष सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नागरिकलाइ इस्मा गाउँपालिकाले अनुसुचि २ बमोजिमको परिचयपत्र दिनुपर्नेछ ।

(२) उपदफा (१)बमोजिमको परिचयपत्र नलिएका नागरिकले यस कार्यविधि बमोजिमको भत्ता प्राप्त गर्न सक्नेछैन ।

(३) उपदफा १ बमोजिमको परिचयपत्र हराएमा वा प्रयोग गर्न नमिल्ने गरि झुत्रो भएमा रु १०० शुल्क बुझाइ प्रतिलिपि लिन सकिनेछ ।

(४) वडा कार्यालयबाट अनुसुची १ बमोजिमको निवेदन प्राप्त भएपछी सम्बन्धित शाखाले परिचयपत्रको काम अगाडि बढाउनेछ ।

(५) परिचयपत्रको रङ हरियो हुनेछ ।

८. **अभिलेख राख्नुपर्ने:** (१) इस्मा गाउँपालिकाले यस कार्यविधि बमोजिम एकल पुरुषसामाजिक सुरक्षा भत्ता पाउँने नागरिकहरुको विवरण सहितको अभिलेख अनुसुची ४ बमोजिम राख्नुपर्नेछ ।

(२) वडा कार्यालयहरुले दफा ६ बमोजिम परेको निवेदनको अभिलेख अनुसुची ५ बमोजिम राख्नुपर्नेछ ।

९. अभिलेखबाट नाम हटाउने : (१) गाउँपालिकाले देहायको अवस्थामा एकल पुरुष सामाजिक सुरक्षा भत्ता लिइरहेका नागरिकको नाम अभिलेख बाट हटाउनेछ

देहाय:

(क) एकल पुरुषले विवाह गरेमा

(ख) प्रचलित कानुन बमोजिम अन्य भत्ता लिएमा

(ग) बसाइसराई गरि अन्यत्र गएमा

(घ) लाभग्राहीको मृत्यु भएमा

(ङ) यस कार्यविधि बमोजिम भत्ता प्राप्त गर्न अयोग्य ठहरेमा

१०. कसुर तथा सजाय : (१) कसैले देहायको कार्य गरेमा यस कार्यविधि बमोजिम कसुर गरेको मानिनेछ :

क. विवरण ढाँटी एकल पुरुष सामाजिक सुरक्षा भत्ता लिएमा

(२) कसैले उपदफा (१)बमोजिमको कसुर गरेमा त्यस्तो कसुर गर्ने व्यक्तीले लिएको रकम असुल गरि निजलाइ बिगो बराबरको जरिवाना गरिनेछ ।

११. अनुगमन सम्बन्धी व्यवस्था: (१) एकल पुरुष सामाजिक सुरक्षा भत्ता लिने व्यक्तिको अभिलेख व्यवस्थापन तथा भत्ता वितरणको अनुगमन उपाध्याक्ष वा निजले तोकेको गाउँकार्यपालिकाको सदस्य, लेखाउत्तरदायी अधिकारी र सम्बन्धित शाखा हेर्ने गरि तोकिएको शाखा प्रमुखले गर्नेछ ।

१२. प्रतिवेदन दिनुपर्ने: (१)एकल पुरुष सामाजिक सुरक्षा भत्ता वितरण गरेको विवरण वडा कार्यालयले त्रैमासिक रुपमा गाउँपालिकालाइ उपलब्ध गराउनु पर्नेछ ।

१३. नविकरण सम्बन्धि व्यवस्था: (१) एकल पुरुष सामाजिक सुरक्षा भत्ता लिइरहेका नागरिकले प्रत्येक आ.व को साउन १ गते देखी भाद्र मसान्त भित्र वडा कार्यालयमा स्वयम् उपस्थित भइ अनुसुचि ६ बमोजिमको नविकरण फाराम भर्नुपर्नेछ । यस कार्यविधी बमोजिम नविकरण नगरेका लाभग्राहीले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न सक्नेछैनन् ।

(२)उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएता पनी आफै उपस्थित हुन नसक्ने अति अशक्त नागरिकले संरक्षक राखि संरक्षकमार्फत नविकरण फाराम बुझाउन सक्नेछ ।

१४. संशोधन: (१) गाउँ कार्यपालिकाको बैठकबाट यस कार्यविधि संसोधन गर्न सकिनेछ ।

१५. बाधा अड्काउ फुकाउ: (१)यस कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा परेमा गाउँ कार्यपालिकाको बैठकबाट आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाइ कार्यान्वयन गर्न सक्नेछ ।

१६. बचाउ: (१) यस कार्यविधि लागुहुनुभन्दा अगावै कुनै निवेदन सम्बन्धित वडा कार्यालयमा परिसकेको भए यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

अनुसुची १

(दफा ६ को उपदफा १ सँग सम्बन्धित)

नाम दर्ताको लागि दिने निवेदनको ढाँचा

श्री अध्यक्ष ज्यू,मिति :

……नं वडा कार्यालय

इस्मा गाउँपालिका गुल्मी

विषय : नाम दर्ता गर्ने सम्बन्धमा ।

म निवेदक इस्मा गाउँपालिका एकल पुरुष सामाजिक सुरक्षा वितरण सम्बन्धि कार्यविधि २०७९ को दफा ३ बमोजिम भत्ता पाउँन योग्य भएकोले नयाँ नाम दर्ता गरीदिनुहुन देहायको विवजरण सहित यो निवेदन पेश गरेको छु ।

व्यक्तिगत विवरण

नाम थर ..........................................

बाजेको नाम थर....................................

बाबु/आमाको नाम थर .............................................

जन्ममिति (वि.स)....................................

स्थायी ठेगाना :………………………………..

ना.प्र.प न र जारि मिति…...............................

पत्निको नामथर........................................

म

सम्बन्धविच्देन दर्ता मिति र दर्ता न.....................अविवाहित प्रमाणपत्र न/जारी मिति..................

अर्को विवाह नगरेको प्रमाणपत्र न...............

(मैले राज्यकोषबाट कुनै पारिश्रमिक,निवृतिभरण,सामाजिक सुरक्षा भत्तावा यस्तै प्रकारका कुनै अन्य सुविधा लिएको छैन उल्लेखित व्यहोरा साँचो हो झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउला ।)

औठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

निवेदकको हस्ताक्षर

**सम्बन्धित वडा कार्यालयले भर्ने**

दर्ता नं..........

निवेदन रुजुगर्नेको नाम र पद :

दर्ता मिति: हस्ताक्षर:

कार्यालयको छाप

**गाउँकार्यपालिकाको कार्यालयले भर्ने**

नाम दर्ता गर्ने निर्णय मिति................

विवरण भर्नेको नाम थर र पद .................

परिचयपत्र पत्र नं.......................

हस्ताक्षर.........................

भत्ता प्राप्त गर्न सुरु मिति...................

कार्यालयको छाप .................

# अनुसुची २

## परिचयपत्रको ढाँचा

स्थानीय सरकार
इस्मा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
इस्मा गुल्मी

**एकल पुरुष सामाजिक सुरक्षा परिचयपत्र**

परिचयपत्र नं.............
नामथर...............
नागरिकता प्रमाणपत्र नं............
ठेगाना...... जिल्लला........... गाउँपालिका ..........
जन्ममिती............... प्रमाणित गर्ने अधिकारी
बाबुको नाम थर .......................... दस्तखत
नाम थर

पद

अनुसूची-३

(दफा ७ को उपदफा ३ सँग सम्बन्धित )

प्रतिलिपि पाउँ भनि दिने निवेदनका ढाँचा

मिति :......................

श्रीमान्,

कार्यालय प्रमुख ज्यू

इस्मा गाउँ कार्यपालिकाको कार्यालय

इस्मा रजस्थल, गुल्मी ।

विषय : प्रतिलिपि पाउँ भन्ने बारे ।

उपरोक्त सम्बन्धमा म निवेदकको एकल पुरुष सामाजिक सुरक्षा भत्ता परिचय-पत्र नं. ................................ परिचय-पत्र (हराएको/प्रयोग गर्न नमिल्ने भएको ) हुनाले एकल पुरुष सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्यविधिको दफा ७ को उपदफा (३) बमोजिम प्रतिलिपि दस्तुर निवेदन साथै राखी परिचय-पत्र को प्रतिलिपि पाउँ भनि सदर अनुरोध गर्दछु ।

संलग्न कागजात :

१. नागरिकता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि

२. एकल पुरुषको परिचय-पत्रको प्रमाणित प्रतिलिपि

३. फोटो १ प्रति

(संलग्न गरिएको कागजातमा लगाउने )

निवेदक

नाम,थर:

पुरा ठेगाना:

सम्पर्क नं.:

हस्ताक्षर:

## अनुसुची ४

(दफा ८ को उपदफा १ सँग सम्बन्धित)

### एकल पुरुष सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको मूल अभिलेख

इस्मा गाउँपालिका आ व........................किस्ता.......................

| सि. नं | परिचय पत्र नं | नाम थर | जन्ममिति | उमेर | वडा नं | नागरिकता नं | मासिक भत्ता दर | जम्मा रकम | खाता न | दस्तखत | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

प्रमुख प्रशासकीय अधिकृत

अनुसुची ५

(दफा ८को उपदफा २ सँग सम्बन्धित)

एकल पुरुष सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको निवेदनको अभिलेख

इस्मा गाउँपालिका आ.व......................वडा नं.............................

| सिन | निवेदन नं | निवेदकको नाम | निवेदन दर्ता भएको मिति | उमेर | जन्म मिति | नागरिकता न र जारी मिति | निवेदन उपर भएको कारवाही | भत्ता लागुहुने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

अनुसुची ६

# एकल पुरुष सामाजिक सुरक्षा भत्ताको नविकरण निवेदनको दाँचा

**(*चिन्ह लगाइएका सबै विवरण अनिवार्य भर्नुहोला )**

पुरा नाम थर नेपालीमा:*

नाम थर अङ्ग्रेजीमा :

ना.प्रा.न र जारी मिति

पुरा ठेगाना (टोलको नाम सहित)*

सम्पर्क नं(अनिवार्य) :*

लाभग्राहीको प्रँकार:*

भत्ता प्राप्त गर्न सुरु मिति:

लाभग्राही परिचय पत्र न *

बाजेको नाम थर: *

बावुको नाम थर: *

आमाको नाम थर: *

पति/पत्नीको नाम थर;

अशक्त भए संरक्षकको नाम थर :

विदुर तथा श्रीमति बेपत्ता भइ भत्ता प्राप्त गर्नेको हकमा श्रीमतिको मृत्यु मिति:

मृत्यु दर्ता नं र दर्ता मिति:

अर्को विवाह नगरेको प्रमाणपत्र न र जारी मिती :

खाता न : *

परिचय पत्र न र जारी मिती :

सरक्षकको नाम थर र सम्पर्क नं :

माथि उल्लेखित विवरण सबै ठिक साँचो हुन् झुट्टा ठहरे कानुन बमोजिम सहुँला/बुझाउँला ।

हस्ताक्षर:

औठा छाप :

(कार्यालय प्रयोजनको लागि मात्र)

नविकरण नं नविकरण मिती :

उल्लेखित विवरणहरु मैले बुझेसम्म सहि /सत्य छन् ।लाभग्राही नवीकरणको लागी वडामा आएकै दिन MIS SYSTEMमा नविकरण गरेको छु । आगामि आ.व.मा सो लाभग्राहि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य रहेको व्यहोरा प्रमाणित गर्दछु ।

वडा सचिव: कार्यालयको छाप